# म्यागदे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः२० प्रकाशन मितिः

म्यागदे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

# गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रम कार्यविधि-२०८०

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/०१

# गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रम कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/०१**

**प्रस्तावना** : गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली व्यवसायिकरण भएतापनि पछिल्लो समयमा व्यावसायिक रुप लिई अझ बढी आय आर्जन गर्न सकिने लसुन तर्फ म्याग्दे गाउँपालिकाका कृषकहरु आकर्षित नभएको अवस्थामा अन्य जिल्लाबाट हुँदै आएको लसुन आयातलाई प्रतिस्थापन गरी म्याग्दे गाउँपालिकालाई गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बालीमा आत्मनिर्भर बनाउन वाञ्छनीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम " गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रम कार्यनवयन कार्यविधि, २०८०" रहनेछ । ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि म्याग्दे गाउँपालिकाका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले " गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रम कार्यनवयन कार्यविधि, २०८०" लाई सम्झनुपर्छ |

ख) "अनुदान" भन्नाले लसुन खेतिको लागि आवश्यक पर्ने लागतमा हुने सहुलियत भन्ने सम्झनु पर्छ।

ग) "आयोजना" भन्नाले लसुन खेती कार्यक्रमको लागि कृषकहरुबाट प्राप्त योजना सम्झनु पर्छ ।

घ) "कार्यालय" भन्नाले म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाई सम्झनु पर्छ ।

ङ) "कृषि विकास शाखा" भन्नाले म्याग्दे गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ ।

च) "गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती कार्यक्रम" भन्नाले गुन्द्रुक सिन्बी यत्पादन गर्न मिल्ने तरकारी, अदुवा, लसुन, बेसार आदी तथा काउली, बन्दा, भिन्डि आदी तरकारीहरु उत्पादन गर्ने जस्ता कृयाकलापहरु जनाउँदछ ।

छ) "बैठक" भन्नाले म्याग्दे गाउँपालिकाको बैठक भन्ने सम्झनुपर्छ ।

ज) "समिति" भन्नाले यस कार्यालयमा गठन भएको लाभग्राही छनौट सामिति तथा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

झ) "स्थानीय संचार माध्यम" भन्नाले मादी गाउँपालिका भित्र संचालनमा रहेका प्रमुख पत्र पत्रिका, रेडियो, टेलिभिजन आदि सम्झनु पर्छ ।

**३. उद्देश्य** :

यस अनुदानको प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:-

क) व्यवसायिक गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेतीको माध्यमबाट गा.पा को अर्थतन्त्रमा योगदान पुर्याउने|

ख) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बालीमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

(ग) व्यवसायिक गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती गर्ने कृषक / कृषक समूह / कृषक सहकारीलाई प्रोत्साहन गर्ने ।

घ) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेतीमा आधारित रोजगारी सृजना गर्ने ।

ङ) गाउँपालिकामा गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बालीको माग पूर्ती गरि आत्मनिर्भर बन्दै आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्ने ।

च) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेतीको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन तथा अनुसन्धान गर्ने।

## परिच्छेद २
## कार्यक्रम संचालन

**४. प्रस्ताव आह्वान गर्नेः**

क) गाउँपालिका मार्फत संचालन गरिने गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती कार्यक्रमका लागि मादी बासी कृषक, कृषक समूह, कृषक सहकारी उपभोक्ता समिति आदि मार्फत कम्तिमा ७ दिनको म्याद राखि कृषि शाखा मार्फत कार्यक्रम प्रस्ताव माग गर्न सूचना प्रकाशन गरिनेछ ।

ख) सूचना स्थानीय संचार माध्यमहरुमा प्रकाशन र प्रशारणको लागि पठाउनुपर्नेछ साथै वडा कार्यालयहरुको सूचना पाटिमा समेत टाँस गरिनेछ । कार्यालयको वेब पेजमा समेत सूचना प्रविष्ट गरिनेछ ।

ग) कार्यालयबाट प्रस्ताव माग गर्दा अनुसूची (१) बमोजिमको ढाँचामा प्रकाशन गरिनेछ ।

(घ) प्रस्ताव माग गर्दा कार्यक्रम अनुसारको आवश्यक न्युनतम क्षेत्रफल तथा अधिकतम अनुदान रकम समेत खुलाई माग गरिनेछ । कार्यक्रमको प्रस्ताव विवरण अनुसूची (२) मा राखिएको छ ।

**५. लाभग्राही छनौटः** देहाय बमोजिमका आधारमा लाभग्राही छनौट हुनेछनः-

क) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी खेतीमा संलग्न भएका वा हुन ईच्छुक कृषक, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति, टोल विकास संस्था आदि ।

ख) कुनै कृषक उद्यमी, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति आदिले लाभग्राहीको रुपमा आयोजनाका लागि छनौट गर्दा उक्त आयोजनाबाट अन्य कृषकहरु समेत लाभान्वित हुने खालका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

ग) पहिला खेती अनुभव भएका कृषकहरुलाई विशेष प्राथमिकता दिईनछ । नीजि कृषक वा उद्यमीलाई भन्दा सामूहिक रुपमा खेती गर्ने संस्थाहरुलाई अनुदानमा प्रोत्सहान गरिनेछ ।

घ) कुनै सार्वजनिक पद धारणा गरेका व्यक्ति तथा व्यक्तित्वहरुलाई मुख्य लाभग्राही मानिने छैन । तर नीज कृषक नै भएको अवस्थामा परिवारका अन्य सदस्यहरूले आयोजनामा सहभागी हुन पाउन कुनै बाधा हुनेछैन ।

ङ) समूहको हकमा न्युनतम ३ रोपनी क्षेत्रमा पुष्प खेती भएको हुनुपर्नेछ भने नीजि स्तरमा संचालन गरिने आयोजनाको लागि न्यूनतम 2 रोपनी खेती गरेको हुनुपर्नेछ ।

**६. लाभग्राही छनौट समिति गठनः**

क) लाभग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः

| | |
|---|---|
| गा. पा अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| समितिले मनोनयन गरेको एक जना व्यवसायिक कृषक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

ख) छनौट समितिले आफैले प्रमाणित गर्नेगरि मूल्याङ्कन सूचक तथा भार तयार गरि मूल्याङ्कन गर्नेछ।

ग) छनौट समितिले लाभग्राहीहरुको अन्तिम मूल्याङ्कन गरि अनुमोदन गरिनेछ ।

घ) बैठकबाट अनुमोदन भए पथाचात एक हप्ता भित्र सबै लाभग्राहीलाई आयोजनाका लागि छनौट भएको सूचना दिई कार्यक्रम कार्यान्वयन सम्झौताको लागि कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिनेछ ।

**७. छनौट समितिको काम, कर्तव्य तथा अधिकार :**

छनौट समितिको देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकार हुने छन्:

क) म्याद भित्र प्राप्त भएका लाभग्राहीको निवेदनहरु मूल्याङ्कनका लागि अघि बढाउने,

ख) फिल्ड भेरिफिकेशन गर्नुपर्ने भएमा अनुगमनको लागि योजना बनाउने र भेरिफिकेशनको लागि लाभग्राही समक्ष पुग्ने,

ग) मूल्याङ्कन सूचकहरू तयार पारी संयोजक मार्फत प्रमाणीत गर्ने ।

घ) प्रतिस्पर्धात्मक हिसावले लाभग्राहीको छनौट गर्ने र कार्यालयबाट प्रदान गर्ने अधिकतम अनुदान रकम तोक्ने ।

ङ) लाभग्राही छनौट पश्चात कस्ता खालका आपूर्तीकर्ता आवश्यक पर्दछन सोको सूची तयारी गर्ने ।

च) सामाग्री उपलब्ध गराउने प्रयोजनको लागि समितिबाट कार्यप्रकृति अनुसारको स्पेशिफिकेशन तयार पारि आपूर्तीकर्ताबाट प्रचलित नियमअनुसारको कोटेशन माग गर्ने ।

छ) अनुदानग्राही तथा आपूर्तीकर्ताको छनौट पश्चात अनुसूची (३) बमोजिमको दुई पक्षीय सम्झौता गर्न सिफारिस गर्ने ।

**८. समूह / सहकारी / समिति मार्फत संचालन गरिने गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती कार्यक्रम आयोजना:**

क) समूह/सहकारी/ समितिहरुलाई लसुन खेती आयोजनाको योजना तर्जुमा देखि कार्यान्वियन र अनुगमन सम्मका कृयाकलापमा सक्रिय सहभागी गराउने उद्देश्यले समूह मार्फत समेत आयोजना संचालनको लागि प्रोत्साहन गरिनेछ ।

ख) समूह मार्फत गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती आयोजनामा सहभागी हुन न्युनतम ३ रोपनीमा खेती भएको हुनुपर्दछ भने नीजि स्तरमा संचालन गरिने आयोजनाको लागि न्यूनतम २ रोपनीमा खेती गर्नुपर्नेछ।

**९. अनुदान प्रवाह विधि:**

अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ:-

क) आयोजनामा परेका लाभग्राही तथा उनीहरुले प्राप्त गर्ने अनुदान रकम छनौट समितिले सिफारिस गरि बैठकमा अनुमोदनको लागि पठाउनेछ र अनुमोदन भएअनुसार सम्बन्धित अनुदानग्राहीले प्राप्त गर्ने अनुदान रकम तोकिनेछ ।

ख) छनौट समितिले छनौट गरि अनुमोदन भएका लाभग्राही कृषक, कृषक समूह, कृषक सहकारी समिति संस्था आदिले अनुसूची (३) बमोजिमको सम्झौता अनिवार्य गरेको हुनुपर्दछ र अनुदानको रकम तथा भुक्तानी विधि सम्झौतामा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(ग) आयोजनामा प्रदान गरिने अनुदानको हकमा गाउँपालिकाको निर्णय अनुसार अनुदान उपलब्ध गरायन सकिनेछ।

घ) भुक्तानी दुई किस्तामा प्रदान गर्न सकिनेछ । प्रथम किस्ता सम्झौता पश्चात अनुदानग्राहीले सामाग्री खरिदको बील भरपाई पेश गरेपछि हुनेछ भने दोस्रो किस्ता सम्झौता अनुसारको कार्य सम्पन्न पश्चात भुक्तानी हुनेछ ।

ङ) अनुदान रकम प्रवाह गर्दा कार्यक्रम सनतोषजनक रुपमा सम्पन्न भएको प्राविधिक प्रतिवेदन प्राप्ती पश्चात अनुदानग्राहीलाई सम्झौता बमोजिमको रकम प्रवाह गरिनेछ ।

**१०. अनुगमन तथा निरीक्षणः**

क) कार्यक्रमको चालु अवस्था यसले पार्न सक्ने सम्भावित असर तथा प्रभावहरुको अवस्थालाई एकीन गर्नका निम्ति अनुगमन, निरीक्षण जस्ता कृयाकलापहरु आवश्यक पर्दछन । नियमित अनुगमनको लागि कार्यालयको कृषि शाखाले जिम्मेवारी लिनेछ ।

ख) संचालित कार्यक्रमको अनुगमन तथा निरीक्षणको लागि देहाय बमोजिमको एक अनुगमन तथा निरीक्षण समिति रहनेछः-

| | |
|---|---|
| गा. पा उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**११.कार्यविधिको परिमार्जनः** यस कार्यविधिको संशोधन तथा परिमार्जन गर्नुपर्ने भएमा अनुगमन तथा निरीक्षण समितिको सिफारिसमा बैठकबाट गर्न सकिनेछ ।

**१२. प्रचलित कानून लागू हुनेः** यस कार्यविधिमा भएका विषयहरु यसै अनुसार र नभएका विषयहरु प्रचलित कानूनमा व्यवस्था भएबमोजिम हुनेछन् ।

छाङ म्याग्दे गाँउपालिका तनहुँ

**अनुसूची (१)**

**दफा ५ को (ग) सँग सम्बन्धित**

**गाउँपालिकाबाट संचालन गरिने गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रमको लागि प्रस्ताव माग गर्ने सम्बन्धी सूचना**

सूचना ! सूचना !! सूचना !!!

*(प्रथम पटक प्रकाशित मितिः............................)*

यस म्याग्दे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय तनहुँले आ.व. ............ मा संचालन गर्नुपर्ने स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी खेती विकास कार्यक्रम कार्यविधि अनुसार " गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती विकास कार्यक्रम" संचालन गर्न लागेको हुनाले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तोकीएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन गाउँपालिकावासी कृषक/ कृषक समूह/ कृषि सहकारी मा अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरुः**

१) कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२) कृषि फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

३) कृषक समुहको हकमा समुह दर्ता प्रमाणपत्र

४) यस कार्यक्रम संचालन गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपी

५) सम्बन्धित वडाको सिफारिस

**आवश्यक न्यूनतम क्षेत्रफलः**

- ✓ समूहको हकमा ३ रोपनी
- ✓ निजि फर्मको हकमा २ रोपनी

**अनुसूची (२)**

**दफा ५ को (घ) सँग सम्बन्धित**

**प्रस्ताव माग गर्ने प्रयोजनको लागि प्रस्ताव ढांचा**

**१.पृष्ठभूमी**

गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली खेती संचालन गर्ने स्थान म्यागदे गाउँपालिका वडा नं ......मा अवस्थित रहनेछ | यस आयोजनाले समेटेको भौगोलिक क्षेत्रफल............रोपनी हुनेछ | यस आयोजनाबाट प्रमुख रुपमा .................................................................बालीहरुको व्यवसायिक खेती हुने अपेक्षा गरिएको छ |

**२. कार्यक्रमको उद्देश्य**

यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहने छन्

क) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बालीको उत्पदन र उत्पादकत्व वृद्धि गर्ने

ख) व्यवस्थित तरिकाले गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाल उत्पादन गरी गाउँपालिकाको माग पूरा गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने

ग) बाली सघनता वृद्धि गर्नु

घ) गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाल तथा गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली जन्य व्यवसायमा आधारित रोजगारीका अवसरहरुको विकास तथा विस्तार गर्नु

ङ)अन्य भए..........................................................................................।

**३. अनुमानित लगानी रकम**

| **क्र.स** | **क्रियाकलापहरु** | **कृषकको लगानी** | **कार्यालयको लगानी** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**४. अपेक्षित उपलब्धि**

| **क्र.स** | **सूचकहरु** | **वर्तमान अवस्था** | **कार्यक्रम पश्चात** | **अपेक्षित वृद्धि (प्रतिशतमा )** |
|---|---|---|---|---|
| १ | लाभान्वित घरधुरी | | | |
| २ | गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली जन्य वस्तु उत्पादन | | | |
| ३ | रोजगारी सृजना | | | |
| ४ | आम्दानी वृद्धि | | | |

**निवेदक**

**नामथर**

**ठेगाना**

**सस्थाको नाम**

**सम्पर्क नं:**

**हस्ताक्षर**

**दफा ८ को उपदफा (ख) सँग सम्बन्धित दुई पक्षीय सम्झौता पत्र**

**सम्झौता पत्र**

यो सम्झौता पत्र मादी गाउँपालिका (यस पछि पहिलो पक्ष भनिएको), **श्री या.......................................................**(यस पछि द्रोस्रो पक्ष भनिएको) बिच अनुदानमा गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली उत्पादन तथा प्रवर्द्धन कार्यक्रम संचालनको लागी तपशिलको शर्तहरु पालना गरी संचालन गर्ने कुरामा मञ्जुर भई यो सम्झौता गरिएको छ ।

१. यो सम्झैता मिति ................................... देखी प्रारम्भ भएको मानिनेछ र यो सम्झैतामा संलग्न स्वीकृत प्रस्तावाना ईष्टिमेट बमोजिमको कार्यहरु यथाशिघ्र संचालन गरी मिति ............. असार मसान्त सम्म कार्य सम्पन्न गरेर आबश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्षलाई पेश र्गनु पर्नेछ।

२. यस सम्झैता बमोजिमको गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सम्बन्धी सम्पुर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ र दोस्रो पक्ष आफैले नगरी अन्य ब्यक्ती वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्ष (गाउँपालिका) ले ब्योहर्ने अनुदानको रकम सम्झौता अनुसारको कार्य सम्पन्न भई कार्यसम्पन्न प्रतिबेदन सहित अन्तिम प्रतिबेदन प्राप्त भएपछी मात्र अन्तिम बाँकी रकम भुक्तानी गरीने छ।

४. सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्नको लागी पहिलो पक्षले अनुदान स्वरुप रु.**......................../-(**अक्षरेपी रु. .........................), बेहोर्ने छ ।

५. द्रोस्रो पक्षले सम्झौता बमोजिमको **जम्मा लागत रु. ...........................।-(अक्षरेपि रु. ..........................)** बराबरको कार्यक्रम संचालन गर्नुपर्ने छ । गुन्द्रुक सिन्की, मसलाबाली तथा तरकारी बाली उत्पादन तथा प्रवर्द्धन संचालनका लागि सम्झौतामा समाबेश भएको श्रोत बाहेक अन्य कुनै सरकारी गैरसरकारी सस्थाबाट सहयोग वा अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्ने छ ।

६. दोस्रो पक्षले सम्झैता बमोजिमको काम गर्दा प्रथमपक्ष बाट खटिएका प्राबिधिकहरुले दिइको निर्देशनको पालना गर्नु पर्नेछ।

७. दोस्रो पक्षको लापरबाहिको कारणबाट कार्यसम्पन्न नभई हानीनोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले सम्झैताको शर्त र कार्यतालिका बमोजिम मिति २०८1 असार मसान्त सम्ममा यो सम्झैता बमोजिमको सम्पुर्ण कार्यहरु इष्टिमेट अनुसार पुर्ण रुपमा सम्पन्न गराई संचालनमा ल्याउनेछ।

९. सम्झैता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथमपक्षको निर्णय अन्तिम मानिनेछ।

१०. द्रोस्रो पक्षले कार्यक्रम कार्यान्वयनमा खरिद गरिएका पुँजिगत अन्तरगतका सामाग्रिहरु कुनै तेस्रो ब्यक्तिलाई बेच बिखन गरेको भेटिएमा नियमानुसार कार्बाही गरिनेछ ।

११. यो सम्झैतामा उल्लेख भएका शर्तहरु र यस बमोजिम अन्य शर्तहरु प्रचलित ऐन नियमनुसार लागु हुनेछन।

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमखु प्रशासकीय अधिकृत